# प्रेस विज्ञप्ति

श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्री माननीय शेरबहादुर कुँवरज्यूबाट सामाजिक सुरक्षा कोषले सञ्चालन गर्ने सुविधाहरू मध्ये स्वास्थ्यसँग सम्बन्धित औषधि उपचार, स्वास्थ्य तथा मातृत्व र दुर्घटना सुरक्षा योजनाहरूको स्वचालित विद्युतीय प्रणालीमा आधारित दाबी भुक्तानी कार्यको शुभारम्भ भएको छ ।

माननीय मन्त्रीज्यूबाट कोषसँग जोडिएका स्वास्थ्य संस्थामार्फत औषधि उपचार सेवा लिएका योगदानकर्ताको औषधी उपचार खर्चको दाबी भुक्तानी स्वचालित विद्युतीय प्रणालीबाट हुने व्यवस्थाले कोषको सेवा प्रवाह योगदानकर्ता मैत्री बनाउन सहयोग हुने बताउनु भयो । कोषमा आबद्ध स्वास्थ्य संस्थाहरूको संख्या क्रमशः बढाउँदै जानुपर्ने विषयसमेत माननीय मन्त्रीज्यूबाट निर्देशन भयो ।

यो प्रणाली कार्यान्वयनमा जाँदा योगदानकर्ताले स्वास्थ्य उपचारका लागि ठूलो रकमको जोहो गरी स्वास्थ्य संस्था जानुपर्ने र रकम शोधभर्नाका निम्ति कागजातसहित कोषको कार्यालयमा जानुपर्ने झन्झटको अन्त्य हुने विचार कार्यक्रमका सभापति तथा कोष सञ्चालक समितिका अध्यक्ष श्री एकनारायण अर्यालज्यूले व्यक्त गर्नुभयो ।

कार्यक्रमको अवसरमा कोषको स्वचालित विद्युतीय प्रणालीमा आबद्ध हुने स्वास्थ्य संस्था तथा स्वचालित विद्युतीय प्रणाली निर्माण गर्न सहयोग गर्ने सफ्टवेयर कम्पनीलाई माननीय मन्त्रीज्यूले प्रसंशा पत्र प्रदान गर्नु भएको थियो । कोषमा आबद्ध स्वास्थ्य संस्थाहरुको संजाल विस्तार गरी स्वचालित प्रणालीलाई निरन्तरता दिने र यसको समसामयिक अद्यावधिक गर्ने तर्फ कोषले ध्यान दिनुपर्ने विचार अन्य अतिथिज्यूहरूबाट व्यक्त भएको थियो । कोषसँग MOU भएका १२६ मध्ये हालसम्म सूचना प्रविधि प्रणाली मार्फत कोषसँग आबद्ध भई कोषको स्वास्थ्य सुविधा योजना प्रदान गर्ने अस्पतालहरूको संख्या२६ रहेको छ।

मन्त्रालयको सभा हलमा सम्पन्न कार्यक्रममा मन्त्रालयका सचिवज्यू सहसचिवज्यूहरू तथा विभागीय प्रमुखज्यूहरू, कोष सञ्चालक समितिका सदस्यहरू, रोजगारदातका प्रतिनिधि, ट्रेड यूनियनका प्रतिनिधि, दातृ संस्थाका प्रतिनिधि लगायत कोषको स्वचालित विद्युतीय प्रणालीमा जोडिएका स्वास्थ्य संस्था र त्यसमा सहयोग पुऱ्याउने सफ्टवेयर कम्पनीका प्रतिनिधिहरुको उपस्थिति रहेको थियो ।

नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
सिंहदरबार, काठमाडौं

(डा.थानेश्वर भुसाल)
उपसचिव/सहायक प्रवक्ता

मिति २०७९।०३।२०